स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र विकास बोर्डले दक्षता अभिवृद्धि वर्ष २०८२ को अवसरमा एक हप्ते घोडाचढी तालिम सञ्चालन गर्ने भएको छ। २४ माघदेखि सुरु हुने उक्त तालिममा नेपाली फिल्मका चर्चित कलाकारको सहभागिता रहने बोर्डले जनाएको छ। ऐतिहासिक, पौराणिक, एक्सन तथा साहसिक कथावस्तुका फिल्मको निर्माणमा आवश्यक पर्ने सीप विकास गर्ने उद्देश्यले आयोजना गरिएको यो तालिम कलाकार र फिल्म क्षेत्रलाई महत्वपूर्ण हुने बोर्डले जनाएको छ।

आजको विचार...



जलेश्वरधाम...
(दुई पेजमा)

राम कार्की



रोजाइमा पर्न थालेका छन्। यो फिल्मको गीत र ट्रेलर रिलिजपछि उनलाई निरन्तर फिल्मबाट अफर आइरहेको छ। यस्तैमा मंगलबार उनी 'श्रीनिवास' नामक फिल्ममा अनुबन्धित भएका छन्। यसमा उनी कलाकार हरिवंश आचार्यसँग देखिनेछन्। 'हरिबहादुरको जुत्ता'का निर्माता द्वय सरोज ओली र मोहितवंश आचार्यले संयुक्त रुपमा निर्माण गर्ने यस फिल्मलाई सजन काफ्ले र आकाश बरालले निर्देशन गर्नेछन्।

❒ वर्ष ३१ अंक १८८ ❒ २०८२ माघ २१ गते बुधबार 4 February 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## लुम्बिनी प्रदेश स्थापना दिवस : ९ वर्षमा ६ सरकार

### आज प्रदेशभर सार्वजनिक विदा



**रामचन्द्र रायमाझी**

**पाल्पा**, माघ २०/लुम्बिनी प्रदेश स्थापना भएको ९ वर्ष पूरा भएको छ । २०७४ माघ २१ गते प्रदेश सभाको पहिलो बैठक बसेको थियो । सोही दिनदेखि प्रदेशमा स्थापना दिवस मनाउने गरिएको हो ।

लुम्बिनीले हरेक वर्ष माघ २१ लाई प्रदेशसभा स्थापना दिवस र फागुन ३ लाई सरकार स्थापना दिवसको रुपमा मनाउँदै आएको थियो । तर २०८० देखि भने दुई वटा दिवसलाई एकैदिन मनाउने गरी माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने निर्णय प्रदेश सरकारले गरेको हो । जस अनुसार आज प्रदेश राजधानी देउखुरीमा विभिन्न कार्यक्रम आयोजना गरिएको छ । प्रदेश स्ताथापनाको यो अवधिसम्म आइपुग्दा प्रदेशले ६ जना मुख्यमन्त्री र अन्य मन्त्री, सांसदहरु उत्पादन गरिसकेको छ । यहाँ पहिलो कार्यकालको पाँच वर्षमा २ र दोस्रो कार्यकालको तीन वर्षमा ४ वटा सरकार बने । यस्तै प्रदेश प्रमुख पनि पहिलो कार्यकालमा २ र दोस्रो कार्यकालमा २ वटा फेरिए । प्रदेश प्रमुख उमाकान्त झाको २०७४ साल माघ ७ गते पद बहालीसँगै बुटवलमा कार्यालय स्थापना भएको थियो । त्यसपछि धर्मबहादुर यादव प्रदेश प्रमुख भए । दोस्रो कार्यालयमा प्रदेश प्रमुख अमिक शेरचन भए । केन्द्रमा सत्ता समीकरण फेरिएसँगै कृष्ण बहादुर घर्तीमगर प्रदेश प्रमुख बने । यस्तै प्रदेशको पहिलो मुख्यमन्त्री एमालेका शंकर पोखरेल बने । उनी २०७४ देखि २०७८ साउनसम्म मुख्यमन्त्री बनेका थिए । पोखरेल नेतृत्वको मन्त्रिपरिषद्मा ११ जनासम्म मन्त्री बनेका थिए । पोखरेलपछि नेपाली कांग्रेस, माओवादीसहितको गठबन्धनको कुलप्रसाद केसीको नेतृत्वमा सरकार बनेको थियो । उक्त मन्त्रिपरिषद्मा १७ जना मन्त्री बने । उनी २०७८ साउनदेखि २०७९ पुससम्म मुख्यमन्त्री बनेका थिए । प्रदेश सभाको दोस्रो कार्यकालमा एमालेका नेता लीला गिरी नेतृत्वको सरकारका ११ सदस्यीय मन्त्रिमण्डल बन्यो । गिरी नेतृत्वको सरकार तीन महिनामै परिवर्तन भएको थियो । गिरी २०७९ पुसदेखि २०८० वैशाख सम्म मुख्यमन्त्री बने ।

त्यसपछि कांग्रेसका नेता डिल्लीबहादुर चौधरी नेतृत्वको सरकार बनेको थियो । चौधरी नेतृत्वको सरकार अन्तिम समयमा १२ सदस्यीय बनेको थियो । उनी २०८० वैशाखदेखि २०८० चैतसम्म मुख्यमन्त्री बनेका थिए । चौधरीपछि माओवादी केन्द्रका नेता जोखबहादुर महरा मुख्य मन्त्री बने । उनको नेतृत्वमा सरकार बन्दा ११ जना मन्त्री थिए । उनी २०८० चैतदेखि २०८१ साउनसम्म मुख्यमन्त्रीको जिम्मेवारीमा रहे । हाल एमाले नेता चेतनारायण आचार्य मुख्यमन्त्री छन् । उनको मन्त्रिपरिषद्मा १२ सदस्यीय मन्त्री रहेका छन् । प्रदेश सभाबाट ऐन निर्माण गर्नेदेखि सरकारले जनसरोकारको पक्षमा काम गरिरहेको जनाए पनि संघीयतालाई बलियो बनाउनेगरी प्रदेश सभा र सरकारबाट बनेका ऐन, कानुनहरु भने पूर्ण कार्यान्वयनमा आउन सकेका छैनन् ।


-बाँकी अन्तिम पेजमा...

### संक्षिप्त समाचार

#### चक्रपात ह्यारीका कारण एक हजारको मृत्यु

(रासस/क्युएनए)

**रोम**, माघ २०/सन् २०२६ को जनवरीमा मात्र मध्य भूमध्यसागरीय क्षेत्रमा आएको चक्रपात ह्यारीको कारण करिव एक हजारको मृत्यु हुनुका साथै धेरै आप्रवासीहरू बेपत्ता भएको मेडिटेरेनिया सेभिङ ह्युमन्सले जनाएको छ । इटालीस्थित राहत संस्था, "मेडिटेरेनिया सेभिङ ह्युमन्स" ले प्रेस विज्ञप्ती जारी गर्दै चक्रवात ह्यारीको समयमा लगभग एक हजार मानिसहरु समुद्रमा हराएर मृत्यु भएको हुन सक्ने बताएको हो । इटाली, माल्टा, लिबिया र ट्युनिसियाको बिचमा अवस्थित मध्य भूमध्य मार्ग हालैका वर्षहरूमा युरोपमा अनियमित आप्रवासन प्रवाहका लागि सबै भन्दा व्यस्त मार्गहरू मध्ये एक मानिएको छ । युरोपेली गैर-सरकारी संस्थाहरूले सामान्यतया उत्तर अफ्रिकाको तटबाट प्रस्थान गरे पछि संकटग्रस्त अवस्थामा परेका आप्रवासीहरूलाई उद्धार गर्ने गरेको जनाइएको छ । जनवरी १८ - २५ को बिचमा, चक्रवात ह्यारीले इटालीको दक्षिणी तट र माल्टा टापुमा ठूलो क्षति पुऱ्याएको जनाइएको छ ।




## 'क्यासिनो पर्यटनको हब बन्दै भैरहवा बजार'



**सिद्धार्थनगर (भैरहवा)**, माघ २०/ रुपन्देहीको सदरमुकाम भैरहवामा पछिल्लो समय क्यासिनो पर्यटनका कारण चहलपहल बढेको छ । क्यासिनोमा रमाउन आउने पर्यटकका कारण छिमेकी देशकै पुरानोमध्यको व्यापारिक केन्द्रका रुपमा परिचित भैरहवा बजारमा चहलपहल बढेको हो ।

भारतको सुनौली नजिकै रहेको भैरहवा क्षेत्रमा खुलेका क्यासिनोहरु पर्यटन तान्ने मुख्य मनोरञ्जनका साधनहरु बनेका स्थानीयको भनाइ छ । कोरोना भाइरसको सङ्क्रमणपछि अधिकांश पेसा, व्यावसायको आर्थिक गतिविधि प्रभावित भइरहेको अवस्थामा पछिल्ला समय यो बजार क्यासिनो पर्यटनबाट लाभान्वित भएको देखिन्छ । यसै सन्दर्भमा सिद्धार्थ उद्योग वाणिज्य सैका अध्यक्ष नेत्रप्रसाद आचार्य विशेषगरी भारतीय पर्यटक आकर्षित गर्न भैरहवास्थित क्यासिनोका कारण यस क्षेत्रमा सञ्चालित होटल, रेष्टुराँ तथा 'स्पा'लगायतका अन्य व्यापारसमेत लाभान्वित हुनपुगेको बताउछन् । क्यासिनोमा आउने पर्यटकले गर्दा यस क्षेत्रको समग्र व्यापार, व्यावसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभ पुगेको उल्लेख गर्दै अध्यक्ष आचार्यले भने, "नेपालमा पर्यटन प्रवर्द्धन गरी बढीभन्दा बढी पर्यटक भित्र्याउन सम्भावित क्षेत्रलाई सूक्ष्म रुपले विश्लेषण गर्दै आवश्यक नीतिगत व्यवस्था गरिनुपर्दछ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## क्यान्सरबाट बच्न आफै सचेत बनौं

शरीरको जुनसुकै भागमा कोषहरू अनियन्त्रित रूपमा वृद्धि हुनु क्यान्सर हो । यस खालका कोषाले शरीरलाई प्रतिकूल असर पार्छ । क्यान्सरले आफू नजिकका तन्तुलाई असर पार्छ । शरीरको अन्य अंगमा पनि असर गर्छ । समयमै निदान गरी उपचार गरे यो रोग निको हुन्छ । तर नेपालमा सुर्तीजन्य वस्तुको सेवनका कारण हरेक वर्ष क्यान्सरका विरामी बढ्दै गएका छन् । जसले गर्दा क्यान्सरको जोखिम पनि उत्तिकै बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो ।

क्यान्सर संसारकै मृत्युको दोस्रो ठूलो कारण हो । क्यान्सरमा पनि फोक्सोको क्यान्सर, प्रोस्टेट क्यान्सर, आन्द्राको क्यान्सर, पेटको क्यान्सर, कलेजोको क्यान्सर पुरुषमा धेरै देखिएको छ भने महिलामा स्तन क्यान्सर, आन्द्राको क्यान्सर, फोक्सो, पाठेघरको मुखको क्यान्सर र थाइराइडको क्यान्सर प्रमुख रूपमा देखिएको छ । क्यान्सरको उपचार र स्याहार पाउनका लागि सबैको पहुँच पुगेको छैन । यो रोग मानिसका लागि एउटा दुर्भाग्य साबित भएको छ । खर्च, पीडा र यससँगको चिन्ताले सबैलाई ठूलो असर पारिरहेको छ । समयमै यसबारे पहिचान हुन सकेमा धेरै हदसम्म क्यान्सरको रोकथाम गरी मृत्युवरणमा न्यूनीकरण गर्न सकिन्छ । रोग पहिचान भए पनि अधिकांस मानिसहरू स्वास्थ्य उपचारका लागि निरोधात्मक शैलीका जाँच नगराउने गरेकाले पनि क्यान्सरको जोखिममा धेरै छन् । बिरामी भएर मात्र उपचारका लागि जाने बानीलाई त्याग गर्दै समयमा नै उपचार गर्न जरुरी छ । क्यान्सर रोग सचेतनाका लागि हरेक वर्ष फेब्रुअरी ४ मा विश्व क्यान्सर दिवस मनाउने गरिन्छ । यस वर्षाको दिवस आज मनाइँदै छ । क्यान्सर लागेमा निको हुँदैन भन्ने धारणा आम मानव समुदायमा रहेकोमा रोग लागेको छोटो समयमा उपचार थालीयो भने रोकथाम गर्न सकिन्छ भन्ने सचेत पार्न विश्व स्वास्थ्य संगठनको आह्वानमा हरेक वर्ष दिवस मनाउँदै आइएको हो । हरेक वर्ष दिवस मनाउने गरिए पनि क्यान्सरका विरामी बढ्दै जानु दुखको कुरा हो । समयमै यसबारे पहिचान हुन सकेमा धेरै हदसम्म क्यान्सरको रोकथाम गरी मृत्युवरणमा न्यूनीकरण गर्न सकिन्छ । रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ । तसर्थ क्यान्सरजस्तो घातक रोग लाग्नै नदिन सरकार र स्वयमं नागरिक सचेत हुन जरुरी छ ।

## Opinion @ Socia Network

बोल्न सक्थेँ तर समयलाई बोल्न छोडिदिएँ
किन कि सत्य शब्दले होइन समयले देखाउँछ ।
*(सागर थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sagar.Thapa)*


यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जलेश्वरधाम शिवपुराण महायज्ञ : धार्मिक पर्यटनको कोशेढुंगा



जलेश्वरधाम शिवपुराण महायज्ञ २०८२ (माघ २२ –फागुन ३ गते) रिब्दीकोट गाउँपालिका वडा नं.५ जलेश्वरधाममा गर्ने तय गरेर मूल आयोजक समितिले स्थानीय सरकारको संरक्षकत्व र विश्व हिन्दु महासंघ पाल्पाको सहकार्यमा तयारीका विभिन्न चरण पूरा गरेको छ । अब त्यो विराट महायज्ञ अनुष्टान भव्यतापूर्वक सु-सम्पन्न गर्ने ऐतिहासिक क्षणको व्यग्र प्रतिक्षा आम जनसमुदायले गरिरहेका छन् । महिनौ अघिदेखि संरक्षक स्थानीय सरकार, सहकार्य गरिरहेको विश्व हिन्दु महासंघ पाल्पा लगायत सिंगो आयोजक टिम, स्थानीय जनसमुदाय, बौद्धिक व्यक्तित्व, विभिन्न संघसंस्थाहरु योजनावद्ध र एकतावद्ध ढंगबाट अहोरात्र खटिरहेकाले महायज्ञ भव्य र सभ्य रुपमा सम्पन्न हुने अवस्थामा पुगेको हो । तसर्थ यस महायज्ञमा जुटिरहेको सिंगो टिमलाई साधुवाद भन्दै नमन गर्दछु । यो महायज्ञले देवभूमि, पावनभूमि जलेश्वर क्षेत्रको महिमामा बढोत्तरी ल्याउँदै ओझेलमा परेको अमूल्य निधिका रुपमा रहेका धार्मिक ,सांस्कृतिक धरोहरको उजागर गर्नुका साथै धार्मिक सांस्कृतिक जागरणमा अभिवृद्धि गरी वैदिक सनातन हिन्दु धर्मको संरक्षण र सम्वर्द्धमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । यसै सन्दर्भमा जलेश्वरधाममा १०८ गोमुखे धारा, १०८ शिवलिंग, गौशाला, आयुर्वेद शिक्षालय तथा गुरुकूल र सेनकालिन दरवारको स्वरुपमा धर्मशाला निर्माण गर्ने लक्ष्य समेत राखेर आयोजना गरिएको यो महायज्ञको सफलताका लागि शुभकामना व्यक्त गर्दै जलेश्वर मन्दिरमा शिव र बज्रयोगिनीको पूजा आराधना, करीव ५०० वर्ष पुरानो अखण्ड धुनीका सम्बन्धमा इतिहासकारका लेख, अग्रज व्यक्तित्वका धारणा, भनाई, जनश्रुति, जनविश्वासलाई सम्पादित गर्दै यो लेख तयार गर्ने जमर्को गरिएको छ ।

### ऋषिमुनिहरुको तपोभूमि हाम्रो मातृभूमि

विश्वभरीका मानिसहरुका लागि नेपाल आकर्षक पर्यटकीय गन्तव्य रहेको छ । विविध क्षेत्र, विषयमा अध्ययन, खोज, शोध गर्न, मनलाई शान्त राख्न, अलौकिक आनन्द लिन, साहसिक एवं रोमाञ्चक यात्रा गर्न वर्षेनी लाखौ पर्यटक नेपाल आवागमन गरिरहेका छन् । नेपाल र नेपालवासीका लागि यो सुखद् पक्ष हो । नेपालप्रति खासगरी विदेशी पर्यटकहरु किन आकर्षित छन्, मोहित भईरहेका छन् ? भन्ने प्रश्नको उत्तर अत्यन्त सरल र सहज छ । किनकी नेपालको भूगोल प्राकृतिक सौन्दर्यले भरिपूर्ण, मनमोहक, अत्यन्त सुन्दर छ । यहाँको आद्यात्मिक आयाम अलौकिक छ र धार्मिक, साँस्कृतिक पहिचान विशिष्ट प्रकृतिको छ । हिमालय पर्वतदेखि पहाड र तराईसम्म फैलिएको यस भूमिमा लाखौं देवस्थल, देवालयहरु एवं ऐतिहासिक धरोहरहरु धार्मिक एवं सांस्कृतिक पहिचानका जिउँदा साक्षीका रुपमा जीवन्त छन् । श्री स्कन्दपराणको हिमवत्खण्डमा नेपाललाई तपोभुमि भनिएको छ । साथै त्रेतायुगमा नेपालको नाम तपोवन रहेको उल्लेख छ । यसबाट पौराणिक कालखण्डमा नेपालको महिमा उत्कर्षमा रहेको अनुमान गर्न सकिन्छ । सत्य युग, त्रेता युग, द्धापर युगमा ठूला-ठूला ऋषिमुनिहरु यहाँ आएर तपस्या गरेको विश्वास गरिदै आइएको छ । विश्वामित्र, अगस्त्य, वाल्मीकि, याज्ञवल्क्य आदि ऋषिमुनिहरु यस तपोभूमिमा तपस्या गरेको, राम सीता, शिव पार्वती यही धर्तीमा विचरण गरेको विभिन्न धार्मिक ग्रन्थमा उल्लेख छ । यिनै तथ्य, प्रमाणका आधारमा परापूर्वकाल देखिनै नेपाल पुण्यभूमि, तपोभूमि, देवभूभिका रुपमा रहँदैआएको मान्यता छ ।

> *नेपालप्रति खासगरी विदेशी पर्यटकहरु किन आकर्षित छन्, मोहित भईरहेका छन् ? भन्ने प्रश्नको उत्तर अत्यन्त सरल र सहज छ । किनकी नेपालको भूगोल प्राकृतिक सौन्दर्यले भरिपूर्ण, मनमोहक, अत्यन्त सुन्दर छ । यहाँको आद्यात्मिक आयाम अलौकिक छ र धार्मिक, साँस्कृतिक पहिचान विशिष्ट प्रकृतिको छ । हिमालय पर्वतदेखि पहाड र तराईसम्म फैलिएको यस भूमिमा लाखौं देवस्थल, देवालयहरु एवं ऐतिहासिक धरोहरहरु धार्मिक एवं सांस्कृतिक पहिचानका जिउँदा साक्षीका रुपमा जीवन्त छन् ।*

### तपोभूमि जलेश्वरधामको धार्मिक एवं आध्यात्मिक महिमा

जलेश्वरधाम अर्थात् जलेश्वर मन्दिर प्राचिनकालदेखि नै शिव भगवान्प्रति समर्पित धार्मिकस्थल हो । यस मन्दिरमा परापूर्वकालदेखि शिव र बज्रयोगिनीको पूजाआजा, शिवलिङको अभिषेक, आराधना गरिदै आइएको छ । यहाँ हरेक वर्ष महाशिवरात्री पर्वका दिन विशेष मेला लाग्ने र ठूलो सख्यामा शिवभक्तहरुले मेला भर्ने गर्दछन् । त्यस दिन भक्तजनहरुले भगवान् शिवको दर्शन, भाङ धतुरो मिसाईएको प्रसाद शिवलाई चढाउने, पूजाआजा, भजनकीर्त गरी महाशिवरात्री पर्व मनाउने प्रचलन रहेको छ । यसप्रकार यस क्षेत्रका वासिन्दाहरुले जलेश्वरधामलाई ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्णस्थलका रुपमा लिदै आएको पाईन्छ । अग्रजहरुको भनाई अनुसार बालपुरी स्वामी भन्ने एकजना साधुले जलेश्वरधामको जेठो धुनी (अखण्ड धुनी ) निभ्न नदिई जल झिक्न शुरु गरेका थिए भन्ने छ । प्राचिन समयमा यहाँका साधुले विहान सधै रिडी गएर जल ल्याई अभिषेक गर्ने गरेकोमा साधु बालपुरी स्वामीले यहाँको जमिनमा त्रिशुल गाडेर जल निकाल्न सफल भएको र हाल पनि त्यहाँबाट जल प्रवाह भईरहेको छ । सोही स्थानबाट रिब्दीकोट गाउँपालिकाका विभिन्न स्थानमा खानेपानी आपर्ति पनि गरिदै आइएको छ । यहाँको अखण्ड धुनी ५२ धुनी मध्येको विशेष धुनी हो भन्ने अग्रजहरुको भनाई छ । यो अखण्ड धुनी करीब ५०० वर्ष पुरानो रहेको हुन सक्ने अनुमान ईतिहासकार, अग्रजहरुले गर्ने गरेको पाईन्छ । यहाँको मन्दिरको नगारा बजेपछि प्रसिद्ध भैरवस्थान मन्दिरमा पूजाको शुरुवात गर्ने प्रचलन रहेको भन्ने कुरा पनि हाम्रा अग्रजहरुबाट सुनिदै आइएको हो । भैरवस्थानको पूजाको शुरुवातका लागि जलेश्वरधामस्थित जलेश्वर मन्दिरको नगारा बज्नु पर्ने परम्परा, बज्रयोगिनी मूर्तिमा ११ औं शताब्दी भन्दा अघिदेखि नै पूजाआजा हुँदैआएको तथा करीब ५०० वर्षदेखि निरन्तर अखण्ड धुनी बलिरहेको सन्दर्भलाई मनन् गर्दा जलेश्वरधामको महत्व र महिमा उच्च रहेको आंकलन गर्न सकिन्छ । जलेश्वरधामका नामबाट प्रख्यात यस पावनभूमि परापूर्वकाल देखि नै आस्था र विश्वासको धरोहर रहेको बलियो प्रमाण पाल्पा राज्यका संस्थापक सेन राजाहरुका पुर्खा तुथाराय सेन १५ औं शताब्दीमा भारत, चम्पारणबाट पाल्पाको रिसिङ हुँदै रिब्दीकोट, जलेश्वरमा आएर तपस्या गरेको भन्ने इतिहास पनि हो ।

### श्री १००८ बरिष्ठ महामण्डलेश्वरको प्रमुख आतिथ्यता महायज्ञको गौरब

यो विराट रुपमा आयोजना गर्न लागिएको जलेश्वरधाम शिवपुराण महायज्ञमा प्रमुख अतिथिका रुपमा भारत सन्त समाजका बरिष्ठ महामण्डलेश्वर श्री १००८ बरिष्ठ महामण्डलेश्वर स्वामी दिव्यानन्द गिरीजी महाराज आफ्नो व्यस्त समयका बावजुद अत्यन्त महत्व दिएर सहभागी हुनु यस पावन भूमि र यहाँका वासिन्दाका लागि गौरवको क्षण हुनेछ । उहाँ महायज्ञमा सरिक हुने कार्यक्रम रहेको जानकारी पाउँदा सम्पूर्ण सनातन हिन्दु धर्मावलम्वीहरु हर्षित र उत्साहित भएका छन् । बरिष्ठ महामण्डलेश्वर स्वामीज्यूबाट भारत, हरिद्धार लगायत विभिन्न स्थानमा आश्रम सञ्चालन गरी वैदिक सनातन हिन्दु धर्मको संरक्षण महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ । स्वामीज्यूबाट सञ्चालित आश्रममा गुरुकूल शिक्षा प्राप्त गरेका कैयौ विद्धानहरुले नेपालमा पनि ज्ञान छर्दै आउनुका साथै सनातन हिन्दु धर्मको संरक्षण र सम्वर्द्धमा भूमिका खेल्दै आउनुभएको छ ।

### धार्मिक पर्यटनको सम्भावना

अन्त्यमा, तत्कालिन शक्तिशाली राज्य पाल्पाको स्थापना गर्ने सेन वंश राजाले आफ्नो शासन प्रारम्भ गर्दा राजधानी बनाएको रिब्दीकोटको बारेमा चाख राख्ने, अध्ययन, खोज, शोध गर्ने ईतिहासका विद्धान, विद्यार्थीहरुका लागि अन्वेषणको पाठशाला पनि हो रिब्दीकोट । तसर्थ रिब्दीकोटको गर्विलो इतिहासका साथै जलेश्वरधामको धार्मिक –सांस्कृतिक पहिचान, आध्यात्मिक केन्द्र, धार्मिक महिमा, आस्थाको धरोहर, प्राकृतिक सौन्दर्य, विविध वनस्पतिहरु सहितको रमरणीय, शान्त वातावरण रहेकाले आध्यात्मिक, धार्मिक र प्रकृति प्रेमीका लागि आकर्षण गन्तव्य बन्दै गएको छ । यस पृष्ठभूमिमा आयोजित जलेश्वरधाम शिवपुराण महायज्ञ २०८२ धार्मिक –आध्यात्मिक पर्यटन प्रवर्द्धनमा कोशेढंगा सावित हुने विश्वास गरिएको छ । ***(लेखक राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक (अ.प्रा.) समेत हुन् । )***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। ज्ञानलाई निखार्ने समय रहेको छ। | **तुला** : अध्ययन अध्यापनमा गुरुजनहरूको मार्गदर्शन प्राप्त हुनेछ। |
| **वृष** : आलस्य त्यागेर मेहनत गर्दा फाइदा उठाउन सकिनेछ।सानोतिनो दौडधुप गर्नुपर्ला। | **वृश्चिक** : विद्यार्थीहरूको लागि अनुकूल समय रहेको छ। उपहार प्राप्त होला। |
| **मिथुन** : नयाँ लगानीबाट व्यापारमा मनग्य लाभ उठाउन सकिनेछ। | **धनु** : छात्रहरूले नयाँ प्रतियोगी परीक्षाको तैयारीमा व्यस्त रहनुपर्ला। |
| **कर्कट** : बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने समय रहेको छ। | **मकर** : शुभ वा मांगलिक कार्यले घर परिवारमा खुसीको माहोल रहनेछ। |
| **सिंह** : मान सम्मानमा वृद्धि हुनेछ। पायक स्थानमा भ्रमणका योग छन्। | **कुम्भ** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |
| **कन्या** :कार्यक्षेत्रमा विवादास्पद् समस्याले पछ्याउने छ।विदेशतिरबाट शुभ सूचना मिल्ला। | **मीन** : सामूहिक जमघटमा आफ्नो उपस्थितिलाई जनाउन सकिनेछ। |

## कला मनोरञ्जन

# 'कुमारी'ले लभस्टोरीको युग फर्काउला ?



सन् २०२५ मा रिलिज भएको लभस्टोरी बलिउड फिल्म 'सैयारा'ले विश्वभर अविश्वसनीय कमाइ गऱ्यो । भारतमा मात्र झन्डै ४ सय करोड कमाएको यो फिल्मले बलिउडमा मृतप्राय: रहेको लभस्टोरी जनरालाई नै पुनर्जीवित गरेको छ । यसको सफलतापछि बलिउडमा लभस्टोरी फिल्मको बाढी आइरहेको छ । र, त्यसको प्रभाव नेपालमा समेत देखिएको छ । 'सैयारा'ले बक्स अफिसमा उधुम मच्चाइरहँदा त्यही समयमा नेपालमा लभस्टोरी फिल्म 'कुमारी'को घोषणा भएको थियो । फिल्मको घोषणा पोस्टर सार्वजनिक हुँदा कतिपयले 'सैयारा'सँग समेत दाँजेका थिए । तर, गीतदेखि ट्रेलरसम्म आइपुग्दा फिल्मको कथा विल्कुलै फरक देखिएको छ । यद्यपि, 'सैयारा' जस्तै 'कुमारी' व्यावसायिक रूपमा सफल हुन्छ कि हुँदैन भन्ने चासो धेरैमा छ । फिल्मका निर्देशक दिनेश राउतले राखेको अपेक्षा भने व्यावसायिक पक्षभन्दा बढी 'सैयारा' जस्तै 'कुमारी'ले नेपालमा लभस्टोरी जनरालाई पुनर्जीवित गरोस् भन्ने छ । यो फिल्मबाट उनी हलमा विरलै देखिने युवापुस्तालाई आकर्षित गर्न चाहन्छन् । त्यसका लागि नै आफूले लामो समयपछि लभस्टोरी फिल्म बनाएको उनको भनाइ छ । उनी भन्छन्, 'मेरो उद्देश्य 'कुमारी'बाट लभस्टोरी जनरा पुनर्जीवित होस् भन्ने नै हो । सायद मप्रति धेरैको अपेक्षा पनि यही होला । मैले आफ्नो तर्फबाट जति जानेको छु, त्यो गरेको छु । पछिल्लो समय एउटा उमेर समूहका दर्शक हलमा त्यति देखिँदैनन् । त्यो समूहलाई हलसम्म ल्याउनकै लागि पनि मैले 'कुमारी' बनाएको हुँ । अब नतिजा के आउँछ, त्यो पर्खाइको विषय हो ।' कतिपयले नामका कारण जीवित देवीको रूपमा पुजिने कुमारीको विषयमा फिल्म आधारित हुनसक्ने अनुमान गरेका छन् । तर, निर्देशक राउतले फिल्मको कथा कुमारीसँग सम्बन्धित नरहेको स्पष्ट पारेका छन् । उनी भन्छन्, 'सतही रूपमा बुझ्दा धेरैलाई फिल्ममा जीवित देवी कुमारीको विषय छ कि भन्ने हुनसक्छ । तर, फिल्मको कथा त्यो होइन । अहिलेलाई यति मात्र भन्न सक्छु ।' यही शुक्रबार (२३ माघ)बाट प्रदर्शन हुन लागेको 'कुमारी'मा अबिषेक खड्का र आकृति राजभण्डारीको मुख्य भूमिका रहेको छ । आकृतिको यो डेब्यु फिल्म हो । घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का लगायतका कलाकारहरूको पनि रहेको यस फिल्ममा विकास सुवेदीको लेखन, सुसन प्रजापतिको छायाङ्कन तथा सुप्रिम पराजुलीको सम्पादन छ ।

*-फिल्मी खबर डटकम*

# श्रद्धा कपुरको बिहे चर्चाले तातायो बलिउड



मुम्बई बलिउड अभिनेत्री श्रद्धा कपुर यतिबेला आफ्नो व्यावसायिक जीवनभन्दा बढी व्यक्तिगत सम्बन्ध र विवाहको चर्चाका कारण सामाजिक सञ्जालमा छाएकी छन् । श्रद्धाले आफ्ना कथित प्रेमी राहुल मोदीसँग चाँडै नै लगनगाँठो कस्न लागेको दाबीसहितका खबरहरू भाइरल भइरहेका छन् । विशेष गरी राजस्थानको उदयपुरमा उनीहरूको भव्य विवाह हुन लागेको दाबीसहितका पोस्टहरू सार्वजनिक भएपछि यसले थप चर्चा पाएको हो। यही चर्चाका बिच श्रद्धाका दाजु एवं अभिनेता सिद्धान्त कपुरले निकै रोचक प्रतिक्रिया दिएका छन् । इन्स्टाग्राममा भाइरल भइरहेको विवाहको एक पोस्टमा कमेन्ट गर्दै सिद्धान्तले लेखेका छन्, 'यो त मेरो लागि पनि न्यूज (समाचार) हो।' उनले अचम्मित भएको र हाँसेको इमोजीसहित दिएको यो प्रतिक्रियाले श्रद्धाको विवाहको हल्लामा तत्कालका लागि पूर्णविराम लगाउन खोजेको देखिए पनि फ्यानहरू भने अझै आश्वस्त हुन सकेका छैनन् । गत हप्ता श्रद्धा आफैँले पनि एक फ्यानको प्रश्नमा ठट्टा गर्दै विवाहको प्रसङ्ग उचालेकी थिइन् । 'श्रद्धा जी, विवाह कहिले गर्ने ?' भन्ने फ्यानको प्रश्नमा उनले 'म गर्छु' भन्दै ठट्टा गरेकी थिइन् । द्धाको उक्त जवाफलाई धेरैले विवाहको सङ्केतका रूपमा बुझेका थिए । श्रद्धा र राहुल मोदीको प्रेम सम्बन्धको चर्चा सन् २०२४ को सुरुवातमा मुम्बईमा एक डिनर डेटमा सँगै देखिएपछि सुरु भएको थियो । शक्ति कपुरका सन्तान श्रद्धा र सिद्धान्त दुवै बलिउडमा सक्रिय छन्। श्रद्धाले आफ्नो प्रेम सम्बन्धलाई अहिलेसम्म सार्वजनिक रूपमा स्वीकार नगरे पनि राहुलसँग उनलाई पटक-पटक विभिन्न स्थानमा सँगै देखिँदै आएको छ । हालसम्म श्रद्धा वा उनको परिवारबाट विवाहको बारेमा कुनै आधिकारिक पुष्टि नभए पनि सामाजिक सञ्जालमा भने उनीहरूको विवाहलाई लिएर अनेकन् अड्कलबाजी काट्ने क्रम रोकिएको छैन । *-रातोपाटी डटकम*

# खराब स्क्रिनप्लेले 'टाइगर ३' डुब्यो



'एक था टाइगर' र 'टाइगर जिन्दा है' जस्ता फिल्मपछि सलमान खानले दीपावलीको अवसरमा यस फ्रेन्चाइजीको तेस्रो फिल्म 'टाइगर ३' मार्फत ठूलो पर्दामा प्रवेश गरेका छन् । यसबाहेक, यदि तपाईं घरमा हुनुहुन्छ भने, तपाईं आफ्नो परिवारसँग यी चलचित्रहरू र वेब श्रृंखलाहरू हेर्न सक्नुहुन्छ । प्रतिक्षामा जया, ड्रम बजाउँदै शाहरुख, दिवालीका यी दृश्यले फ्यानलाई चकित पारे । फिल्ममा यस्ता धेरै दृश्य र गीत छन्, जसले हाम्रो पर्वको आनन्दलाई दोब्बर बनाउँछ । तिनीहरूले हामीलाई महसुस गराउँछन् कि हामी पनि एउटै गीत वा दृश्यको भाग हौं। आज पनि, त्यहाँ धेरै दृश्यहरू छन् जसले गुसबम्प वा गीतहरू दिन्छन् जसले मानिसलाई नाचिरहेको महसुस गराउँछ । टाइगर ३ रिभ्यु: एक्सन र संवादका बीचमा 'टाइगर ३' खराब पटकथाले फसेको थियो, सलमानको स्वैग पनि कम थियो। तपाईसँगै हामी पनि सलमान खानको फिल्म 'टाइगर ३' को प्रतीक्षामा थियौं । लामो प्रतिक्षापछि भाइजानले आफ्ना फ्यान र सिनेप्रेमीलाई दिपावलीको उपहार दिएका छन् । उनी टाइगरको रुपमा पर्दामा फर्किएका छन् र आफ्नो जोया अर्थात् कट्रिना कैफलाई पनि साथमा लिएर आएका छन् । धेरै थिएटरमा फिल्मको पहिलो शो सकिएको छ र यो फिल्म कस्तो छ बताइरहेका छौं । *-इहिमालय टाइम्स डटमक*

# अरिजीतले छाडे पार्श्वगायन, सलमानसँगको त्यो दुस्मनी



भारतका लोकप्रिय गायकमध्ये एक हुन्, अरिजीत सिंह । पार्श्वगायनको दुनियाँमा होस् वा एल्बममा, अरिजीतले थुप्रै सुपरहिट गीतमा आवाज दिएका छन् । मंगलबार साँझ अचानक उनले सामाजिक सञ्जालमार्फत पार्श्वगायन छाडेको घोषणा गरे । उनको यो घोषणाले अरिजीतका धेरै प्रशंसक छक्क परे । यद्यपि, अरिजीतले संगीतसँगको आफ्नो सम्बन्ध यथावत् रहने बताएका छन् । संगीत सिर्जनालाई निरन्तरता दिने उनले उल्लेख गरेका छन् । उनले अनुराग बसुका धेरै फिल्म जस्तै, 'बर्फी', 'जग्गा जासूस', 'लुडो', 'मेट्रो इन डिनो'का निम्ति गीत गाए । र, यी सिनेमाका केही गीत हिट भए । अनुरागले बीबीसी हिन्दीलाई भनेका छन्, "संसारभरका मानिस यो कुराबाट अचम्मित हुन सक्छन्, तर म उनको निर्णयबाट अचम्मित छैन । मलाई लामो समयदेखि थाहा छ कि अरिजीत कति प्रतिभाशाली छन् र उनी जीवनमा गायनभन्दा धेरै गर्न चाहन्छन् ।" उनले अरिजीत फिल्म निर्माणमा धेरै चासो राख्ने व्यक्ति भएको बताएका छन् । "जब म बर्फी बनाउँदै थिएँ, अरिजीतले मलाई उनको सहायकका रूपमा काम गर्न भनेका थिए," अनुरागले भनेका छन्, "उनी एउटा स्कुल खोल्न र बालबालिकासँग धेरै समय बिताउन पनि चाहन्छन् । उनीसँग धेरै योजनाहरू छन्, जसले हामीलाई उनको फरक पक्षबारे जानकारी दिनेछ ।"

**'अरिजीत फिल्म निर्माता बन्न चाहन्छन्'**

बीबीसी हिन्दीका अनुसार, अरिजीतले निर्देशकका रूपमा आफ्नो पहिलो हिन्दी सिनेमामा काम सुरु गरेका छन् । यो जंगल एडभेन्चर फिल्ममा नवाजुद्दीन सिद्दीकी मुख्य भूमिकामा हुनेछन् । हाल शान्ति निकेतनमा यसको छायांकन भइरहेको छ । यो चलचित्र अरिजीत र उनकी श्रीमती कोएल सिंहले संयुक्त रूपमा लेखेका छन् । अनुराग भन्छन्, "अरिजीतलाई फिल्म निर्माणको राम्रो बुझाइ छ ।" सुरुआती करिअरमा अरिजीतले केही समय प्रसिद्ध संगीतकार प्रीतमलाई सहयोग गरेर संगीतको सूक्ष्म ज्ञान लिएका थिए । प्रीतमको संगीत निर्देशनमा उनले फिल्म 'बर्फी', 'ये जवानी है दिवानी', 'जग्गा जासूस', 'तमाशा', 'ए दिल है मुश्किल' र 'ब्रह्मास्त्र'का निम्ति गीत गाए । ती धेरै लोकप्रिय भए । यो जोडीलाई सफल मानिन्छ । प्रीतमबाहेक उनले शंकर-एहसान-लय, विशाल-शेखर, मिथुन, मोन्टी शर्माजस्ता संगीतकारसँग संगीत निर्देशकका रूपमा पनि काम गरे ।

**अरिजीत मुम्बईमा बस्दैनन्**

आफ्ना गीतहरूबाट बलिउडमा छाप छोडेका अरिजीत अधिकांश समय पश्चिम बंगालको मुर्शिदाबादमा बिताउँछन् । उनी आफ्नी श्रीमती कोयल र दुई छोरासँग त्यहाँ बस्छन् । त्यहाँबाट उनले आफ्नो गायन करिअर, केही वर्षअघि सुरु गरेको संगीत कम्पनी र फिल्म निर्माणगृहको व्यवस्थापन गर्छन् । उनले आफ्नो जन्मभूमि मुर्शिदाबादस्थित घरमा रेकर्डिङ स्टुडियो स्थापना गरेका छन् । केही समयदेखि उनी त्यहाँबाट आफ्ना गीत रेकर्ड र रचना गरिरहेका छन् । हालै संगीतकार जोडी सलीम-सुलेमानका सलीम मर्चेन्टले सोही स्टुडियोमा गएर अरिजीतको स्वरमा एउटा गीत रेकर्ड गरे । सुलेमान भन्छन्, "फिल्म निर्माण अरिजीतको लामो समयदेखिको सपना हो, त्यसमा अब उनी पूर्ण रूपमा ध्यान केन्द्रित गर्न चाहन्छन् । उनी धेरै महत्त्वाकांक्षी व्यक्ति हुन्, र म उनको निर्णयको सम्मान गर्छु ।" अरिजीत सत्यजित रेको सिनेमाबाट प्रभावित छन् । केही वर्षअघि उनले आृना संगीत गुरु राजेन्द्रप्रसाद हजारीको जीवनमा आधारित बंगाली फिल्म निर्माण र निर्देशन गरेका थिए । अरिजीतका पारिवारिक साथी तथा मुर्शिदाबादका बासिन्दा अनिलावा चटर्जी भन्छन्, "अहिले अरिजीत हिन्दी र बंगाली फिल्म बनाउन व्यस्त छन् । दुवै फिल्म पश्चिम बंगालका विभिन्न भागमा छायांकन भइरहेको छ ।" चटर्जीका अनुसार, अरिजीत जति जोसिलो गायक र संगीतकार छन्, त्यति नै उदार व्यक्ति पनि हुन् । समस्यामा परेका स्थानीयलाई सहयोग गर्न उनी सधैँ अगाडि रहन्छन् । रियालिटी शो 'फेम गुरुकुल'बाट सुरु भएको थियो यात्रा अरिजीत सिंहले १८ वर्षको उमेरमा सन् २००५ मा गायन रियालिटी शो 'फेम गुरुकुल'मा भाग लिएका थिए । उक्त कार्यक्रमका निर्णायकमा कवि तथा गीतकार जावेद अख्तर, संगीतकार शंकर महादेवन र गायक केके थिए । जब अरिजीत शोबाट बाहिरिए, जावेद अख्तरले उनलाई 'यो तपाईंका निम्ति कम र शोका लागि बढी घाटा हो' भनेका थिए । उनले बलिउडमा पहिलो ब्रेक २०११ मा रिलिज भएको इमरान हाश्मी अभिनीत र मोहित सुरी निर्देशित चलचित्र 'मर्डर-२' को 'फिर मोहब्बत' गीतबाट पाएका थिए । त्यो निकै हिट भएको थियो । उक्त गीतको सफलतापछि अरिजीतलाई धेरै अफर आउन थाल्यो । २०१३ को सिनेमा 'आशिकी-२' को 'तुम हि हो' गीतले अरिजीतलाई उद्योगका शीर्ष गायकहरूको सूचीमा उभ्यायो ।

**सुपरहिट गीतको शृंखला**

'फिर मोहब्बत', 'तुम हि हो' र 'बिन्टे दिल'जस्ता सुपरहिटबाहेक अरिजीतले 'फिर ले आया दिल', 'बदतमिज दिल', 'कबीर', 'इलाही', 'ए दिल है मुश्किल', 'छिन्नाल', 'छिन्नाल', 'कभी जो बादल बरसे' जस्ता गीतमा आफ्नो स्वर दिएर सफलताको नयाँ उचाइ कायम गरेका छन् । त्यसपछि सलमान र अरिजीतबीचको सम्बन्ध बिग्रियो । सलमानका निम्ति गाइएका अरिजीतका गीतमा अरू गायकको स्वर भर्ने चर्चा चल्यो । त्यसपछि सलमानले 'सुल्तान'का निम्ति अरिजीतले गाएको गीत 'जग घुमिया' राहत फतेह अली खानलाई गाउन लगाए । यद्यपि, त्यसअघि अरिजीतले एक पोस्टमार्फत सलमानलाई आफ्नो आवाज नबदल्न आग्रह गरेका थिए । लामो समयसम्म सलमानका चलचित्रमा अरिजीतको आवाज फेरि प्रयोग गरिएन । तर, यो विवादको सात वर्षपछि अरिजीतले 'टाइगर-३' मा सलमानलाई आफ्नो आवाज दिए । पछि सलमानले आफ्नो कमजोरी रहेको स्वीकार गरे । त्यति बेला अरिजीतको कुनै दोष नरहेको उनले बताए । हाल उनीहरू दुवै धेरै राम्रा साथी हुन् । अरिजीतले सलमानको 'द ब्याटल अफ गलवान'को 'मातृभूमि' गीत पनि गाएका छन् । यो सिनेमा अप्रिल १७ मा रिलिज गरिँदै छ । अरिजीतले ब्लकबस्टर सिनेमा 'धुरन्धर'को हिट रोमान्टिक गीत 'गहरा हुआ' पनि गाएका छन् ।

*-बाह्रखरी डटकम*

# आज विश्व क्यान्सर दिवस मनाइँदै




**पाल्पा,** माघ २०/विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा हरेक वर्ष फेब्रुअरी ४ तारिखका दिन मनाउँदै आएको विश्व क्यान्सर दिवस आज नेपालमा पनि मनाइँदैछ । विभिन्न चेतनामूलक कार्यक्रम गरी यो दिवस मनाउन लागिएको हो ।

अन्धविश्वासका कारण नेपालमा क्यान्सर रोगीको संख्या बढिरहेका बेला वर्सेनि चेतनामूलक कार्यक्रम गरेर क्यान्सरविरुद्धको दिवस मनाउने गरिएको छ । क्यान्सर रोग निवारणका लागि सरकारीसँगै विभिन्न गैरसरकारी संघसंस्थाहरुले चेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दै छन् । क्यान्सर दिवस मनाउनुको मुख्य उद्देश्य क्यान्सरबारे जनचेतना जगाउनु नै हो । यसका साथै रोकथाम, उपचार र क्यान्सरबाट हुने मृत्युदर न्यून गर्ने नै हो । हाल नसर्ने रोगको प्रकोप बढेको छ । क्यान्सर, मुटु, फोक्सो, मधुमेह लगायतका रोगले धेरैलाई पिरोलिरहेको छ । विश्वका अधिकांश मुलुकमा ६० प्रतिशतभन्दा बढी मृत्युको कारण नसर्ने रोगहरू भएको विभिन्न अध्ययनले पुष्टि गरेका छन् । त्यसमध्ये कार्डियो भास्कुलर र क्यान्सरको प्रकोप बढिरहेको पाइन्छ । नसर्ने रोगको जोखिम बढिरहँदा क्यान्सरको पनि जोखिम बढ्दै गएको स्वास्थ्य मन्त्रालयको भनाइ छ । अस्पतालमा आउने बिरामीमध्ये महिलाहरूमा पाठेघरको मुखको क्यान्सर र पुरुषहरूमा फोक्सोको क्यान्सर बढी देखिने गरेको छ । ग्लोबल क्यान्सर अब्जरबेटरीका अनुसार नेपालमा क्यान्सरका नयाँ बिरामी पत्ता लाग्नेमध्ये सबैभन्दा बढी १६ दशमलव ४ प्रतिशतमा पाठेघरको मुखको क्यान्सर देखिने गरेको छ भने १३ दशमलव ९ प्रतिशतमा स्तन क्यान्सर हुने गरेको छ । यसैगरी १० दशमलव ४ प्रतिशतमा फोक्सोको क्यान्सर देखिने गरेको छ । मुटुलगायत अन्य नसर्ने रोगको उपचार विधिमा व्यापक सुधार भएको छ । उपचारमा पहुँच पनि पुगेकाले यी रोगबाट हुने मृत्युको संख्यामा कमी आउन थालेको छ । तर, क्यान्सर रोगको उपचारमा अझै पहुँच पुगेको छैन । क्यान्सर लगायत अन्य नसर्ने खालका दीर्घ रोगको मुख्य कारक तत्वहरू एकै किसिमको पाइन्छ । त्यसैले यी रोगबारे व्यापक जनचेतना फैलाउनुपर्ने खाँचो छ । धेरैजसो मुलुकमा मृत्युको पहिलो नम्बरमा क्यान्सर नै हुने गरेको छ । मुख्यत: क्यान्सर हुनुको कारण खानपान र जीवनशैली रहेको क्यान्सर रोग विशेषज्ञहरु बताउँछन् । धूमपान, मद्यपान, मोटोपना र अस्वस्थ जीवनशैलीले गर्दा नै नेपालमा क्यान्सरका बिरामी बढिरहेका छन् । यसबाहेक ५ देखि १० प्रतिशत क्यान्सरका बिरामीमा वंशाणुगत समस्या पनि देखिएको छ । घरमा हजुरबुवा, आमाबुवा वा नातेदार कसैलाई क्यान्सर छ भने सन्तानलाई पनि भएको पृष्ठभूमि पाइएको छ । ९९ प्रतिशत क्यान्सरको उपचार नेपालमै हुने गरेको छ । रोबोटिक सर्जरी, प्रोटोन थेरापीलगायत केही उपचारविधि स्वदेशमा उपलब्ध हुन नसकेकाले बाँकी एक प्रतिशतका लागि मात्र अन्य मुलुक जानुपर्ने अवस्था रहेको चिकित्सकहरु बताउँछन् ।

## खेलकुद समाचार

# महिला च्याम्पियनशिपमा नेपालले भूटानलाई हरायो



**काठमाडौँ,** माघ २०/साफ १९ वर्षमुनिको महिला च्याम्पियनशिपमा आफ्नो दोश्रो खेलमा नेपालले भूटानलाई हराएको छ । पोखरा रङ्गशालामा मंगलबार भएको खेलमा नेपालले भूटानलाई २-१ गोलले पराजित गरेको हो । पहिलो खेलमा नेपाल भारतसँग १ गोलले र भूटान बङ्गलादेशसँग १२ गोलको फराकिलो अन्तरले हारेको थियो । मंगलबार भएको पहिलो खेलमा बङ्गलादेशले भारतलाई २-० गोलले हराएको हो । यस्तै प्रतियोगितामा बङ्गलादेशले लगातार दुई खेल जितेको छ । सबै टोलीले २ खेल खेलेका छन् । लगातार दुई खेलमा जीत निकालेको बङ्गलादेश ६ अङ्कसहित शीर्ष, समान खेलमा ३ अङ्कसहित नेपाल दोश्रो, ३ अङ्कसहित भारत तेश्रो र अङ्कविहिन हुँदै भूटान अङ्क तालिकाको पुछारमा छ । अब नेपालले समूह चरणको आफ्नो अन्तिम तथा तेश्रो खेलमा पर्सि बुधवार बङ्गलादेशसँग खेल्दैछ । सिङ्गल राउन्ड रोबिनका आधारमा हुने प्रतियोगितामा शीर्ष दुई स्थानमा रहने टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । सहभागिता रहने छ । काठमाण्डौ विश्वविद्यालयका विद्यार्थी कल्याण निर्देशनालयका कायममुकायम निर्देशक डा. गोकुल केसीका अनुसार प्रतियोगितामा पाँच विधाका खेल समावेश गरिएको छ । भलिबल, टेबलटेनिस, ब्याडमिन्टन, बास्केटबल र एथ्लेटिक्समा २ सय ७९ खेलाडीले प्रतिस्पर्धा गर्ने उनले जानकारी दिए । केसीका अनुसार प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । सबै खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई धुलिखेलमा बसोबासको व्यवस्था मिलाइएको आयोजकले जनाएको छ । प्रतियोगितामा १८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । हरेक खेलका विजेता खेलाडीले तीन हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अङ्कले घट्यो



**काठमाडौँ,** माघ २०/सेयर कारोबार नेप्से परिसूचक मंगलबार साढे १२ अंकले घटेको छ । अघिल्लो दिन झिनो अंकले बढेर बन्द भएको नेप्से मंगलबार १२ दशमलव ५८ अंकले घटेको हो ।

सोमबारको तुलनामा ० दशमलव ४६ प्रतिशतले घटेपछि मंगलबार समग्र नेप्से २ हजार ६ सय ८३ दशमलव १५ अंकमा ओर्लेको छ । यो अवधिमा ३ सय २२ कम्पनीको एक करोड ८७ लाख तीन हजार १ सय ८३ कित्ता शेयर ९२ हजार ३ सय ३८ पटक खरिदबिक्री हुँदा आठ अर्ब ६३ करोड १५ लाख १२ हजार ५ सय ४२ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह एक दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३७ र म्युचुअल फन्ड एक प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ६३, विकास बैंक शून्य दशमलव ६१, वित्त एक दशमलव ०९, जलविद्युत् शून्य दशमलव ९७, लगानी शून्य दशमलव ५१, जीवन बीमा शून्य दशमलव ३८ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले घटेको छ । त्यस्तै निर्जीवन बीमा शून्य दशमलव ३५, व्यापार शून्य दशमलव ४६ र अन्य समूह शून्य दशमलव ५६ प्रतिशतले घटेको छ । कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सान्भी इनर्जी लिमिटेडको शेयर मूल्य चार दशमलव ६३ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको ५९ करोड २९ लाख आठ हजार ४ सय ११ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको १२ लाख ५८ हजार १७७ बराबरको कारोबार भएको छ ।

# लुम्बिनी प्रदेश...

...अभिवक्ता केदार गौतमले यसबिचमा दलहरूले जनताको सेवाभन्दा मन्त्री र मुख्यमन्त्री बन्ने मात्र काम गरेको बताए । दलहरूको अस्थिरताले जनतामा प्रदेशप्रति अरूचि देखिएको उनको बुझाई छ ।

**आज प्रदेशभर सार्वजनिक विदा**

प्रदेश सरकारले प्रदेश स्थापना दिवसको अवसरमा आज प्रदेशभर सार्वजनिक बिदा दिएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयले सोमबार जारी गरेको सूचनामा उल्लेख भएअनुसार प्रदेश राजपत्र भाग ३, खण्ड ८, संख्या १४, मिति २०८१ चैत २१ बमोजिम यस वर्ष पनि स्थापना दिवसका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरिएको हो । मन्त्रालयका प्रदेश सचिव लोकबहादुर सुनारद्धारा जारी सूचनामा सम्बन्धित सबै निकायलाई जानकारीका लागि सार्वजनिक गरिएको जनाइएको छ । प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा कार्यक्रम गरी दिवस मनाउने प्रदेश सरकारको तयारी छ ।

# 'क्यासिनो पर्यटनको...

...पछिल्लो समय फस्टाएको क्यासिनो पर्यटनबाट भैरहवा क्षेत्र लाभान्वित भएको छ, समग्र व्यवसायीका लागि यो खुसीको विषय हो ।" पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेश सरकारका सदस्य राजेश महोत्रा कामको खोजीमा हरेक दिन युवा विदेशिनुपरेको अवस्थामा स्वदेशमै रोजगार दिन सफल क्यासिनो व्यवसायलाई थप चलायमान बनाउन सरकारको महत्वपूर्ण भूमिका हुने बताउन्छन् । पर्यटकलाई मनोरञ्जन दिन सफल यो व्यवसायलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सके मुलुकको समग्र पर्यटनक्षेत्रमा थप टेवा पुग्ने बताउँदै सदस्य महोत्राले भने, "भैरहवा अहिले क्यासिनोको 'हब' बन्नु पर्यटन क्षेत्रका लागि ठूलो उपलब्धिसहित सकारात्मक सन्देश हो, यस व्यवसायलाई अझ विस्तार गर्न सक्नुपर्दछ ।" यसैगरी पर्यटन व्यवसायी अमित गुप्ता पर्यटकीय गन्तव्यका रुपमा नेपाल विश्वमै प्रख्यात रहेको सन्दर्भमा क्यासिनो पर्यटनको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिन्छन् ।क्यासिनो व्यावसायीलाई संस्थागत गर्नका लागि निजी क्षेत्र र सरकारी निकायले सहकार्य गर्न जरुरी रहेको उल्लेख गर्दै क्यासिनो सञ्चालनका लागि सुरक्षा व्यवस्थासहित आवश्यक नीतिगत व्यवस्था भए उल्लेखनीय मात्रामा राजस्व सङ्कलन हुने र व्यावसायी पनि लाभान्वित हुने उनी धारणा व्यक्त गर्छन् । हाल भैरहवामा आठ र बुटवलमा एक गरी यस क्षेत्रमा नौ वटा क्यासिनो सञ्चालनमा आएका छन् भने थप दुई वटा क्यासिनो खुल्ने तयारीमा रहेको जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले जनाएको छ । भैरहवा क्षेत्रमा सञ्चालित क्यासिनोमा अहिले करिब दुई हजारभन्दा बढीले रोजगारी पाएका छन् । *-रासस*

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई